# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भानु नगरपालिका
## तनहुँ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भानु नगरपालिका
## तनहुँ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

भानु नगरपालिका

तनहुँ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

**गण्डकी प्रदेश**

मितिः २०८१।०२।११

प.सं. २०८०।८१

च.नं. २

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री प्रमुखज्यू ,
भानु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
तनहुँ ।

१. **कैफियत सहितको राय** — हामीले भानु नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. भानु नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ६१ लाख २८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२ करोड ३३ लाख ७१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६७ लाख १० हजार, नियमित गर्नुपर्ने रु.५४ लाख ६६ हजार समेत रु.१ करोड २७ लाख ५७ हजार रहेको छ । भानु नगरपालिकाको गतवर्ष सम्म रु.९ करोड

११ लाख ८० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ३९ लाख ३७ हजार रहेको छ । भानु नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने भानु नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी भानु नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)
**नायब महालेखापरीक्षक**

भानु नगरपालिका,
तनहुँ, जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३९ | २४ | ३६१२८ | ३९ | ५ | २३३७१ | ३९ | १९ | १२७५७ | ५८१ | ५४६६ | ६७१० | ० | ० | १२१७६ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | ९३५७४ | ० | २३९४ | ९११८० | ० | १२७५७ | १०३९३७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु.हजारमा)

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० | १७ | पेश्की फर्छ्यौट भएको प्रमाण पेश भएको | ३००७ |
| २ | २०७९।८० | २२ | प्रमाण पेश भएको | ७५८८ |
| ३ | २०७९।८० | ३१ | प्रमाण पेश भएको | २३४३ |
| ४ | २०७९।८० | ३७ | प्रमाण पेश भएको | १७८९ |
| ५ | २०७९।८० | ४१ | प्रमाण पेश भएको | ८६४४ |
| | | | जम्मा | २३३७१ |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०७८।७९ | ३८ | अनुगमन भत्ता असूल भएको | ५५ |
| ७ | २०७८।७९ | ४१ | सन्चार भत्ता असूल भएको | १४ |
| | | | जम्मा | ६९ |
| ८ | २०७७।७८ | २९ | बढी निकासा फिर्ता | ७५ |
| ९ | २०७७।७८ | ३१ | बढी भुक्तानी फिर्ता | १२२ |
| १० | २०७७।७८ | ३२ | बढी निकासा फिर्ता | १७३४ |
| ११ | २०७७।७८ | ३४.२ | बढी निकासा फिर्ता | १४४ |
| १२ | २०७७।७८ | ६१ | भैसी सुत्केरी भत्ता असूल | २५० |
| | | | जम्मा | २३२५ |

**भानु नगरपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

## २ परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको क्षेत्रफल १८४ वर्ग किलोमिटर र जनसंख्या ४५ हजार ७९२ रहेको तथा १३ वडा र ६७ सभा सदस्यरहेकोछ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।२४ देखि २०८०।१०।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त

भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१३३७३४६९३९।८९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक आर्थिक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको साविक नगरपालिका र गा बि स हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म=ले=प=फा= नं= २७२ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तिरत शशर्त बजेट तथा कार्यक्रम, संघिय र प्रादेशिक स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम, धरौटी, प्रकोप व्यबस्थापन कोष, कर्मचारी कल्याण कोष, लगायतका कोष खाताहरु लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चहरुको लेखाकंन सुत्रमा राखि प्रतिवेदन समेत २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।

• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

• आन्तरिक आम्दानी खाताको अ.ल्या मौज्दात र बाकी मौज्दात आयव्यय बिबरणमा नदेखाएबाट आय व्यय बिबरणले यथार्थ चित्रण गर्दैन ।

• आन्तरिक आम्दानी कार्यालय र वडाहरुमा लागु गरिएको सफ्टवेयरबाट रु.१७८८११८०। भएको देखिन्छ भने सुत्रबाट रु ३४००८६०७।४३ रहेको देखियो । तर आन्तरिक आम्दानीको बैंक खाताबाट भने गतवर्षको बैंक मौज्दात बाकी रु ३६३१८९५०।२७, योवर्षको संचित कोष खातामा ट्रान्सफर गरेको ३७३२९८५१।९१ (धरौटी खाताको रु.६२९७७१।समेत) र आ व को अन्त्यमा उक्त बैंक खातामा मौज्दात रहेको ३४३६७९२६।०७लाइ आधारमानी हेर्दा योवर्ष उक्त आन्तरिक आम्दानी रु.३५३७८८२६।८० भएको देखिन्छ । यसप्रकार सुत्रबाट देखाएको आन्तरिक आम्दानी भन्दा बैंकमा देखिएको आन्तरिक आम्दानी फरक परेको रु १३७०२१९।३७ का सम्वन्धमा हिसाव मिलान बिबरण तयार गरीनुपर्ने रु....१३७०२१९।३७

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ३ . बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपनगरप्रमुखले २०७९।३।१० गते रु.१ अर्ब ४ करोड ४० लाख १२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।३।२७ मा पारित गरी २०७९।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने लिखित अख्तियारी प्रदान गरेको देखियो ।

सैद्धान्तिक बेरुजु

### ४ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५६१४३ | ४२८२० | ७६.२६ |
| २ | पूर्वाधार विकास | ३१३९२४ | १६९३७४ | ५३.९५ |
| ३ | सामाजिक विकास | ४३२३६२ | ४०८१३५ | ९४.४० |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | १७६९१ | ९५७४ | ५४.११ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३८९० | १६९००३ | ७५.४८ |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | १०४४०१२ | ७९८९०९ | |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ:
खर्च बिश्लेषणः नगरपालिकाले यस वर्ष गरेको आन्तरिक आम्दानी रु ३४००८६०७.४३, गतवर्षको मौज्दात अ. ल्या. रु.२८७६५७८६३।७२ र राजस्व बाँडफाँड तथा अनुदानबाट रु. १०१,५६,८०,४६८.७४ समेत रु.१,३३७३४६९३९.८९आम्दानी गरेकोमा चालुतर्फ रु.५५१८५५४०१.११, पूँजिगत तर्फ रु. २४७०५३६१२.०० समेत रु.७९८९०९०१३.११ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.२५ प्रतिशत रहेको छ। यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको जनाएको छ। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम गरेको देखिएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी कार्यान्वियन गर्नुपर्नेमा तयार गरेको जनाएतापनि सो अनुसार कार्यान्वियन गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र सो अनुरुप गरेको कन्टिन्जेन्सी खर्च स्पष्ट देखिने गरी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

• पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको छैन ।

• पालिका प्रमुखले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश यथासम्भव अग्रीम रुपमा र अग्रीम रुपमा सम्भव नभए लगतैको कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा गराउने गरेको देखिन आएन ।

• कतिपय भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने गरेको देखिएन ।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्म सँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ ।

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गर्ने गरेको छ।

• गोश्वारा भौचर साथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने गरेको छैन।

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढीलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधी २०७७ परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना भएको देखिएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ६ शिफारिस तथा न्यायसमिति सिफारिस

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | १५१५ |
| मृत्युदर्ता | ७७४ |
| बसाईसराई भई आउनेको दर्ता | ११५ |
| बसाईसराई भई जानेको दर्ता | २७८ |
| विवाह दर्ता | ७०९ |

| सैद्धान्तिक बेरुजु |
|---|

## ७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फस्यौंट विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका 23 वटा विवाद दर्ता भएकोमा जम्मा 23 मध्ये 20 वटा फस्यौंट भई यो वर्ष फस्यौंट नभई 3 वटा बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ८ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | १६८ | १५०२५००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १९५ | ४४२७००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ३७ | २२४००००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ८ | १२२००००० |
| | जम्मा | ४०८ | ९३८९५००० |

| सैद्धान्तिक बेरुजु |
|---|

## ९ ठेक्काको लगत

सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यस कार्यालयले यस वर्ष तथा गत विगत वर्ष ठेक्का व्यवस्थापन गरेका योजनहरुको स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख राखेको

पाईएन । जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुक्तानी अभिलेख प्राप्त हुन सकेन । तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**१० खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ रु.2609772। खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**११ योजना छनौट**

.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**१२ चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यालयले स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको निम्न विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा प्रथम चौमासिकमा गतवर्षको भुक्तानी दिन बाकीको भुक्तानी भएको र अन्तिम चौमासिक एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा बढी खर्च गरी हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक |
| पूँजिगत खर्चतर्फ | २०५५२८ | ७८४५५ | २६८१३ | १००२६० |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | २०५५२८ | ७८४५५ | २६८१३ | १००२६० |
| प्रतिशत | १०० | ३८.१७ | १३.०४ | ४८.७९ |

सैद्धान्तिक बेरुजु

### १३ पदाधिकारी सुविधा

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा जम्मा रु. १६९८०६१२।पदाधिकारी सुविधामा भुक्तानी गरेको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

### १४ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.23764243।भुक्तानी दिइ खर्च लेखेको छ । जस मध्ये दरबन्दी भन्दा बाहीरको कर्मचारी करारमा भर्ना गरी खर्च लेखेको कानुन सम्मत देखिदैन ।

सैद्धान्तिक बेरुजु

### १५ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस प्रकारको कर्मचारी कल्याण कोष संचालनमा ल्याएको देखिन आएन ।

सैद्धान्तिक बेरुजु

### १६ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको

सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**१७ पेश्की वाँकी विवरण**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फर्छ्यौट भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु. ३००६५५० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| पेश्की | ० |

**१८ अनुपातिक पेश्की कट्टी नगरेको**

सार्वजनिक खरिद ऐन,२०६३ र नियममावली, २०६४ तथा निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार ठेक्का सम्झौताको बिल भुक्तानी गर्दा सम्झौताको ३० प्रतिशत देखि ८० प्रतिशतसम्म सम्झौता बमोजिमको बिल भुक्तानी भइसक्दा निजको नाममा बाकी रहेको मोविलाइजेशन पेश्की रकम बिलबाट अनुपातिक रुपमा कट्टी गरी चुक्ता गरिसक्नु पर्ने प्रावधान रहेको छ । कार्यालयले निम्न ठेक्कामा देहाय बमोजिम सम्झौताको ३० प्रतिशत भन्दा बढी रकम ठेक्का बिलको भुक्तानी गर्दा समेत निजको नाममा रहेको मोविलाइजेशन पेश्की बाकी रकम कट्टी गरेको देखिएन । यसरी पेश्की समयमै कट्टि नगरेबाट अनुपातिक कट्टी गर्नुपर्ने पेश्की बाकी रकममा नियमानुसार लाग्ने वार्षिक १० प्रतिशतका दरले व्याज रकम यकिन गरी व्याज असुल गर्नु पर्दछ । साथै समयमै पेश्की कट्टी नगरी फर्छ्यौट गर्न ढिला गर्नाले पेश्की बाकी रकम अनावश्यक जोखिममा पर्न जाने तर्फ सम्वन्धित पक्ष सचेत हुनुपर्ने देखिन्छ । यसका उदाहरण निम्न छन् ।

| निर्माण व्यवसायी | सम्झौता रकम | हालसम्मको भुक्तानी | जम्मा भुक्तानी प्रतिशत | पेश्की बाकी रकम | पेश्की कट्टी रकम |
|---|---|---|---|---|---|
| निर्माण व्यवसायी घिसिङ्ग।कुंवर जे भी | ९३०४६३६९ | ४४२३४७७८ | ४७.५४ | १५४२००० | ० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**१९ पेश्की जमानत**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ उपनियम (३) मा पेश्की जमानत सम्वन्धी प्रावधान रहेको छ ।पालिकाको कार्यालयले देहायको ठेक्का सम्झौतामा दिएको मोविलाइजेशन पेश्की रकम लेखापरीक्षण अवधिसम्ममा फर्छ्यौट नभइ बाकी रहेको

देखिएकोमा उक्त पेश्की बाकी रकमको बैंक जमानतको मान्य अवधी समाप्त भइ जोखिममा पर्न गएको देखियो। यसमा सम्वन्धितको यथाशिघ्र ध्यान जानुपर्ने देखिन्छ।

| सि. न | कामको विवरण | निर्माण व्यवसायी | पेश्की बाकी रकम |
|---|---|---|---|
| १ | कालिमाटी मानेचौका कुन्छा सडक निर्माण दोश्रो फेज | विष्णु राधा विल्डर्स | २८०००० |
| २ | भानु जन्मस्थल सडक निर्माण वडा नं ४ प्रथम चरण | कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा ली | ३९२५००० |
| ३ | रातामाटा वडा कार्यालय स्थित भानु मार्ग निर्माण | कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा ली | ४८६०००० |
| ४ | कालिमाटी मानेचौका कुन्छा सडक निर्माण दोश्रो फेज | कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा ली | नखुलेको |
| ५ | कालीमाटी अस्पताल भवन निर्माण कार्य | किरातेश्वर कन्स्ट्रक्सन एण्ड ड्रिलिङ्ग कं प्रा ली | ७१४५००० |

सैद्धान्तिक बेरुजु

**२० भुक्तानी बाकीको दायित्व**

आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (१३), (१४) र (१५) मा भुक्तानी दिन बाकी रहेको दायित्व रकमको लेखाङ्कन र प्रमाणिकरण सम्वन्धमा उल्लेख रहेको छ। कार्यालयले आ.व. २०७८/७९ मा बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानिय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन। कार्यालयले आ.व. २०७८/७९ मा कार्य गरी भुक्तानी बाकी रहेका बिभिन्न योजनाहरुमा ठुलो रकम बजेट रकम अभावको कारण भुक्तानी हुन नसकेको जनाइ योवर्ष भुक्तानी दिएको देखियो। तर उक्त रकमको बिबरण लेखापरीक्षणको लागि तयार गरी पेश हुन नआउनुको साथै उक्त भुक्तानी बाकीको बिबरण सम्वन्धित पदाधिकारीहरु र निकायबाट प्रमाणित गरेको समेत देखिन नआएबाट सो सम्वन्धमा यकिन हुन सकेन।उक्त भुक्तानी बाकी बिबरण मध्ये योवर्ष २०७९/८० मा के कति योजनाहरुको भुक्तानी भइ के कति योजनाहरुमा रकम भुक्तानी हुन सकेन सोको अभिलेख अद्यावधिक गरी प्रमाणित समेत गराइ राखेको नदेखिएबाट यथार्थता यकिन हुन सकेन।यस स्थानिय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ बिश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ।

(क) त्यसैगरी कार्यालयले आ.व. २०७९/८० को लागि समेत बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानिय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन। कार्यालयले आ.व. २०७९/८०

मा कार्य गरी भुक्तानी बाकी रहेका पूंजीगत बजेट तर्फका बिभिन्न योजनाहरुमा भुक्तानी बाकीको दायित्व रहेको व्यहोरा जनाएतापनि यसप्रकार भुक्तानी बाकी रहेका योजनाको बिबरण तयार गर्ने र नियमानुसार प्रमाणित गर्ने गरेको नदेखिएबाट यकिन हुन सकेन। यस स्थानिय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ बिश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ

| सैद्धान्तिक बेरुजु |
|---|

२ **सहकारी संस्था**
१

साबिक डिभिजन सहकारी कार्यालयहरु मध्ये संघियताको कार्यान्वयन सँगसँगै 55 वटा संस्था यस नगरपालिका हस्तान्तरण भई आएको मध्ये 2 वटा संस्थाहरु एकिकरणमा गएका र 40 वटा संस्थाहरु सक्रिय रहेको र 15 वटा संस्थाहरु निष्कृय रहेको विवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरुमा सर्वसाधारणको पूँजी र सम्पत्ती के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ती र अधिकारको संरक्षणको सम्बन्धमा नगरपालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ। यस सम्बन्धमा समवन्धित पदाधिकारी र कर्मचारीहरुको ध्यान जानु आवश्यक छ।

सहकारी संस्थाहरुको प्रवध्र्दन र नियमनमा प्रभावकारीता ल्याउन एवं सहकारी क्षेत्रको एकिकृत तथ्यांकको आधार सिर्जना गर्न पालिका भित्र रहेका ४० वटा सक्रिय सहकारी संस्थाहरुलाई इन्टरनेटमा आधारित एकिकृत विद्युतिय व्यवस्थापन सूचना प्राणालीमा आवध्द गराउन र निष्कृय रहेका १५ वटा सहकारी संस्थाहरुलाई शेयर सदस्य र वचतकर्ताहरुको शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकिकरण तथा खारेजीको प्रकृया अगाडी बढाउन पालिकाले थप पहल गर्नु पर्दछ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरुलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरुलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरुको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ कोे दफा ८७ एवं यस पालिकाको सहकारी ऐन २०७४ को दफा ६५ र ६६ बमोजिम सहकारी सस्थाहरुको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरुको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधिहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२ **सोझै खरिद**
२

.......... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२४ को निर्णयबाट रु. ७५८७६८० सम्परीक्षण गरिएको ।)*

| अनियमित भएको | ० |
|---|---|

२ **काममा दोहोरोपना**
३

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । सार्वजनिक खरिद ऐन र नियमावली अनुसार लागत अनुमान तयार गर्दा र कामको नापजांच गर्दा तोकिएको म.ले.प. फाराममा सम्पन्न कामको आइटम, परिमाण, स्थान र चेनेज खुलाउनु पर्ने प्रावधान रहेको छ ।यस पालिकाको निम्न ठेक्काहरु एउटै सडकमा एउटै प्रकृतिका कार्य गर्नको लागि छुट्टाछुट्टै ठेक्का व्यवस्थापन मार्फत सम्झौता गरी कार्य भैरहेको छ । तर उक्त ठेक्काहरुको लागत अनुमान र नापी कितावमा ठेक्का पिच्छे कामको आइटम अनुसार काम भएको स्थान र चेनेज खुलाएको नदेखिदा काममा दोहोरो पर्न सक्ने हुदा सम्वन्धितको ध्यान जानुपर्ने देखिन्छ ।

| सि.न | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | योवर्षसम्मको कार्य र भुक्तानी | योवर्षको काम र भुक्तानी |
|---|---|---|---|---|---|
| १. | भानु जन्मस्थल सडक निर्माण वडा नं ४ दोश्रो चरण | तिरुपती विष्णु राधा जे भी | २४१५९७३५ | ८७५८०९९ | ८७५८०९९ |
| | भानु जन्मस्थल सडक निर्माण वडा नं ४ प्रथम चरण | कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा ली | १७७४७९७३ | १२७२१५५४ | ३५३५३३९ |
| २ | कालिमाटी मानेचौका कुन्छा सडक निर्माण दोश्रो फेज | विष्णु राधा विल्डर्स | १०३७२५४९ | ९४६५८९१ | ९४६५८९१ |
| | कालिमाटी मानेचौका कुन्छा सडक निर्माण प्रथम फेज | कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा ली | ११७५५२५७ | ५४०८१८७ | १९९८५७७ |
| | | | | | सैद्धान्तिक बेरुजु |

२४ **अधुरो कार्य**

निर्माण व्यवसायीले सम्झौतामा तोकेको अवधि भित्र तोकिएको कार्य तोकिए बमोजिम सम्पन्न गर्नुपर्दछ।सम्पन्न गर्न नसकिने उचित कारण भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार म्यादथप गरेर र निर्माण व्यवसायीको हेलचेक्र्यांइको कारण तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसके नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने गरी नियम १२० बमोजिम म्यादथप गरेर निर्माण कार्य सम्पन्न गराउनुपर्ने प्रावधान रहेको छ। निम्न निर्माण कार्यका ठेक्काहरुमा निर्माण व्यवसायीहरुले पछिल्लो पटक तोकिएको अवधि सकिदा (कतिपयमा पटक पटक म्यादथप हुदा समेत) समेत सम्झौतामा तोकिए बमोजिमको निर्माण कार्य सम्पन्न गरेको देखिएन । यसप्रकार अधुरो अवस्थामा रहेको निर्माण ठेक्कामा नियम १२१ मा भएको प्रावधान बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नेगरी नियम १२० बमोजिम ठेक्काको म्यादथप गरेर यथाशिघ्र कार्य सम्पन्न गर्नु गराउनु पर्ने देखिन्छ।

| सि. न | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | कार्यगर्ने अन्तिम अवधि | योवर्षसम्मको कार्य र भुक्तानी | योवर्षको काम र भुक्तानी |
|---|---|---|---|---|---|---|
| १. | कालिमाटी मानेचौका कुन्छा सडक निर्माण दोश्रो फेज | विष्णु राधा विल्डर्स | १०३७२५४९ | २०८०।३।१५ | ९४६५८९१ | ९४६५८९१ |
| २ | भानु जन्मस्थल सडक निर्माण वडा नं ४ दोश्रो चरण | तिरुपती विष्णु राधा जे भी | २४१५९७३५ | २०८०।३।२० | ८७५८०९९ | ८७५८०९९ |
| ३ | भानु जन्मस्थल सडक निर्माण वडा नं ४ प्रथम चरण | कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा ली | १७७४७९७३ | २०८०।१।९ | १२७२१५५४ | ३५३५३३९ |
| ४ | रातामाटा वडा कार्यालय स्थित भानु मार्ग निर्माण | कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा ली | १८३१५३०२ | २०७९।७।९ | ८२२४५२५ | ० |
| ५ | कालिमाटी मानेचौका कुन्छा सडक निर्माण प्रथम फेज | कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा ली | ११७५५२५७ | २०८०।१।९ | ५४०८१८७ | १९९८५७७ |
| ६ | कुसुण्डेपार्क स्तरोन्नती कार्य दोश्रो चरण | बि. एन. निर्माण सेवा | २७५३२२४ | २०८०।९।२० | २०९४५९६ | २०९४५९६ |
| ७ | वडा नं ९ गढीमाइ भिउटावर निर्माण | Arclight Consulting Engineers pvt. Ltd. | ५९६५५८० | २०७९।७।२७ | शुरु र थपिएको ३ आ व को अवधि सकिदा समेत काम शुरुसम्म पनि नभएको । | |
| ६ | कालीमाटी अस्पताल भवन निर्माण कार्य | किरातेश्वर कन्स्ट्रक्सन एण्ड ड्रिलिङ्ग कं प्रा ली | ७३४०३१७४ | २०८०।९।२० | शुरु अवधि ३० महिना सकिदा समेत काम शुरुसम्म पनि नभएको । | |

सैद्धान्तिक बेरुजु

## २५ कामको पुष्ट्याइ

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । नगरपालिकाले देहाय अनुसार बिभिन्न किसिमका सामाग्रीहरु सोझै वा खुला ३ दररेट लिइ खरिद गरी देहाय अनुसार भुक्तानी दिएको छ । तर उक्त सामाग्रीहरु उद्धेश्यानुसार सम्वन्धित कार्यमा प्रयोग भएको नापी किताव, प्राविधिक पुष्ट्याइ लगायतका प्रमाण कागजात र पुष्ट्याइ पेश हुन आएको नदेखिएकोले पेश हुनुपर्ने रु

| गौ.भौ.नं/मिति | व्यक्ति/संस्थाको नाम | खरिद बिबरण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| ३०१।२०७९।६।११ | गणेण ट्रेड सप्लायर्स | HDPE पाइप खरिद | १२२९९६ | प्रयोगको प्राविधिक पुष्ट्याइ र नापी किताव समेत नरहेको |
| ३०९।२०७९।८।२९ | गणेण ट्रेड सप्लायर्स | HDPE पाइप खरिद | १२३५७ | |
| ७३९।२०८०।३।२१ | सब इन्जिनियर पेश्की फर्छ्यौट अनुदान बितरण | २२ पशुपन्छि पालक कृषक फर्मलाइ रु.७५०० का दरले | १६५००० | फर्मको बैंक खाता मार्फत भुक्तानी दिनुको सट्टा नगदै भुक्तानी दिएको साथै अनुगमन प्रतिवेदन समेत संलग्न नरहेको । |
| ७८४।२०८०।३।२३ | वडा नं. ५ ले मौरी घार ५०% अनुदानमा बितरण | ३७ कृषकलाइ रु.१०००० का दरले | १८५००० | दररेट नलिइ सोझै खरिद गरेको साथै अनुगमन गरी प्रतिवेदन नलिएको । |
| | जम्मा | | ४८५३५३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८५,३५३ |

## २६ परामर्श सेवा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ र २६ अनुसार प्रस्ताव पेश गर्दा आपसमा मिलेमतो गर्न नहुने र गरेको पुष्टी भए रद्द हुने तथा नियमावली, २०६४ को नियम ७० अनुसार रु २० लाख सम्मको परामर्शदाता छनौट गर्दा नियमानुसार सुचिकृत परामर्शदाताहरु मध्येबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी बढी अंक प्राप्त गर्ने परामर्शदातासंग प्रतिस्पर्धाको माध्यमबाट सम्झौता गरी कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिम गरेको अध्ययन कार्यको लागि बास्तविक लाग्ने जनशक्ति र गर्नुपर्ने कार्यको आधारमा परिमाण बिश्लेषण नगरी स्वीकृत बजेट अनुसार तयार गरी स्वीकृत गरेको लागत अनुमानका आधारमा पत्र मार्फत आर्थिक र प्राविधिक प्रस्ताव माग गरी परामर्शदाता छनौट गरेको छ।यसप्रकार छनौट गरेका परामर्शदाताहरु बिच

पर्याप्त र स्वच्छ प्रतिस्पर्धा भएको देखिदैन ।कार्यालयले परामर्शदातासंग प्रस्ताव माग गरी लागत अनुमान अंक भन्दा न्युन घटी दरमा प्रस्ताव स्वीकृत गरेको आधारमा सम्झौता गरी कार्य गराइएको छ । यसरी अध्ययन गरी तयार भएका प्रतिवेदनहरु कार्यान्वयन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ । यस्तो अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै भवन तथा स्थानीय पूर्वाधार विकासको नर्म्सको आधार लिएर स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको देखियो ।

| अध्ययनको बिषय | परामर्शदाताको नाम | लागत अनुमान | प्राप्त प्रस्ताव | घटी प्रतिशत | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| आवधिक योजनाको तर्जुमा | अफिसियल इण्भाइरोमेण्टल कन्सल्ट जे भि सोलुसन रिसर्च प्वाइण्ट | १४९७७०२ | सोझै ४ | १.१६ | १४८०३०० | १४८०३०० |
| भानु न पा को भुउपयोग क्षेत्र वर्गिकरण कार्य | कन्सल्टिङ्ग सर्भिसेज फर सोसियल इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट प्रा ली | १९८९९३० | सोझै ४ | १.६५ | १९५७००० | १९५७००० |
| | जम्मा | ३४८७६३२ | | | ३४३७३०० | ३४३७३०० |

सैद्धान्तिक बेरुजु

२७ **आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन्। सैद्धान्तिक बेरुजु**

आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन्। थप अन्य सुझाबहरु निम्न छन् ।

१. विभिन्न योजनाहरुमा अनुगमन गरेको भनि अनुगमन भत्ता बितरण गरिएकोमा अनुगमन प्रतिवेदन मा क कसले कुन कुन योजना को अनुगमन गरेको हो सो प्रष्ट रुपमा उल्लेख नभएको साथै योजना अनुगमन समिती बाहेक अन्य कर्मचारीलाई समेत भत्ता वितरण गरको हुंदा यसलाई सुधार गर्नुपर्ने ।

२. नगरपालीकाले आफ्नै दररेट बनाई खाजा खाना को मापदण्ड तोक्नु पर्नेमा नतोकि विभिन्न दररेट राखी बिल पेश भएको ।

३. कन्टिन्जेन्सी खाताः नेपाल सरकार अर्थ मन्त्रालयको च.न.ं ९६२, मिती २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ४% रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टिन्जेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी २% प्राविधिक कर्मचारीको लागि र २% मसलन्द खर्च गर्न मिल्नेमा नगरपालीकामा कन्टिन्जेन्सी खाता राखेको नदेखिएको ।

४. भ्रमण खर्च नियमावली ,२०६४ अनुसार फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिन नमिल्ने अथवा दैनिक भ्रमण भत्ता लिंदाको फिल्ड भत्ता काटिनु पर्ने भनि उल्लेख भएता पनि प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता र दैनिक भत्ता दुवै दिईएको पाईएको ।

५. विभिन्न कार्यक्रम तथा बैठक बस्दा को भनि खाजा खाना को बिल पेश भएकोमा कुन कार्यक्रम या कुन बैठक बस्दाको खाजा खाना को बिल हो प्रष्ट नभएको पाईएको ।

६. चौमासिक खर्च व्यवस्थापन ः स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम सञ्चालन गर्न

बजेट व्यवस्था भए मुताबिक सोही चौमासिकमा कार्यक्रम सञ्चालन गरी खर्च गर्नु पर्ने व्यवस्था रहेता पनि पुंजीगत कार्यक्रमतर्फ अधिकांश कार्यक्रम÷योजना तेस्रो चौमासिकमा सञ्चालन भई खर्च भएको देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।**

आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।

क. बढी भुक्तानीः ६२४।२०८०।३।३ भानु वार्ड न.६को भावानी बहुउदेश्यीय भवन निर्माणको भुक्तानीमा प्राविधिक मुल्याकनमा घटी भएको रकम रु.३७७८८। नघटाइ भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु...............३७७८८।

ख. बढी भुक्तानीः ६८०।२०८०।३।१८ भानु वार्ड न. ९ को तेरतेर आमा समूह भवन निर्माण उपभोक्ताले गरेको काममा प्राविधिक मुल्याकनमा घटी भएको रकम रु.२१२७६। नघटाइ भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.................. २१२६७।

ग. बढी भुक्तानीः ६८५।२०८०।३।१८ भानु वार्ड न. ७ को थान बगैचा हुदै तिनपिपले मोटरकँची बाटोको प्राविधिक मुल्याकनमा घटी भएको रकम रु३२०११। नघटाइ भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु............३२०११

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,०६६ |

२९ **आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन्। भर्पाइ बिना भुक्तानीः**

**भर्पाइ बिना भुक्तानीः** ८५।२०८९।५।१५ वार्डन. ४ को धन्सार चौतारी हुदै टार सम्मको नयाँ ट्र्याकको भुक्तानीमा रु३८५००।०० बराबरको ढुङ्गा ढुवानी गरेको भर्पाइ नभएको हुदाँ उक्त विल भर्पाइ पेश गर्नुपर्ने रु......... ३८५००।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,५०० |

३० **आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन्। (क) सम्झौता बेगर भुक्तानीः**

**आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।**

**(क) सम्झौता बेगर भुक्तानीः** १२३।२०७९।०५।१५गत आर्थीक वर्ष वडा नं. ७ मा विपद व्यवस्थापन बापतको रकम भुक्तानीमा जोन निर्माण सेवा प्रा.ली. संग सम्झौता नभई रु. ५३७८८। को बिल पेश भई भुक्तानी भएको पाइयो । तशर्थ यसरी सम्झौता बिना भुक्तानी दिनु नियमसंगत नभएको रु. ५३७८८

| | |
|---|---|
| अनियमित भएको | ५३,७८८ |

### ३.१. औषधी खरिद

✍ ........... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२४ को निर्णयबाट रु. २,३४३,३४७ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

### ३.२. खरिदको प्याकेज

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा खरिद गर्दा टुक्रा टुक्रा पारेर खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८ मा खरिदको योजना बनाउनु पर्ने तथा उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ । कार्यालयले देहाय बमोजिमका सवारी साधन र उपकरण खरिद गर्दा एकमुष्ठ प्याकेज बनाइ उक्त कानुन अनुसार बोलपत्रको माध्यमबाट खरिद नगरी टुक्रा बनाइ बोलपत्र र क्याटलग बिधिबाट दररेट लिएर खरिद गरेको छ ।

| सि नं | सामानको बिबरण | आपुर्तिकर्ता | खरिद बिधि | लागत अनुमान | प्रस्ताव संख्या | घटी प्रतिशत | खरिद रकम |
|---|---|---|---|---|---|---|---|
| १ | स्कर्पियो जिप | बतास ब्रोदर्स प्रा. ली. | क्याटलग | ५० लाख | ३ | ०.०४ | ४९९८००० |
| २ | मोटरसाइकल ६ वटा | बतास ब्रोदर्स प्रा. ली. | बोलपत्र | १७९४००० | १ | ०.०३ | १७९३४०० |
| ३ | व्याकह्यो लोडर | New Earth Movers pvt. Ltd. | बोलपत्र | ५० लाख | ३ | ९.४२ | ४५२९००० |
| | | जम्मा | | | | | ११३२०४०० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

### ३.३ खरिद टुक्रयाएको

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा खरिद गर्दा टुक्रा टुक्रा पारेर खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८ मा खरिदको योजना बनाउनु पर्ने तथा उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च

लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ। कार्यालयले देहाय बमोजिमका निर्माण सामाग्री खरिद गर्दा एकमुष्ठ प्याकेज बनाइ उक्त कानुन अनुसार बोलपत्रको माध्यमबाट खरिद नगरी टुक्रा बनाइ बोलपत्र र सोझै दररेट लिएर खरिद गरेको छ। यस प्रकार खरिद गरिएको सामाग्री जिन्सी खातामा आम्दानी बाधेकोमा सोको माग फारम तथा बितरण भर्पाइको आधारमा खर्च जनाएको व्यहोरा कार्यालयले जनाएकोमा उक्त सामाग्री कहा प्रयोग भयो सोको नापी किताव र काम भएको प्राविधिक पुष्ट्याइ पेश हुन नआएकोले पेश हुनुपर्ने रु...

| सि नं | सामानको बिबरण | आपुर्तिकर्ता | परिमाण | लागत अनुमान | प्रस्ताव संख्या | घटी प्रतिशत | खरिद रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ग्यावियन वक्स | Arihant Iron and Steel Industries | ५४७ थान | १९४७०४६ | ३ | ६.७९ | १८१४७७० |
| २ | ग्यावियन वक्स | इशारा सप्लायर्स | ८९ थान | ३४८४७५ | | ० | ३४८४७५ |
| ३ | ह्युमपाइप खरिद | B.T. Precast Concrete Industry pvt.ltd. | नखुलेको | ७७५४३० | ३ | ०.६७ | ७७३४८५ |
| ४ | ह्युमपाइप खरिद | बाराही ह्युम पाइप | १२ थान | ४००००० | ३ | ० | ४००००० |
| ५ | एच डिपी पाइप | तिमिल्सीना सप्लायर्स | ३६५५० मि | १९४७५१८ | २ | १.७९ | १९१२९६८ |
| ६ | एच डिपी पाइप | इशारा सप्लायर्स | २४६५ मि. | १३४६८३ | | ० | १३४६८३ |
| | | जम्मा | | | | | ५३८४३८१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३,८४,३८१ |

३४ **पूँजीगत बजेटमा चालु प्रकृतिको खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित

लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख रहेको छ । नियमावली, २०७७ को नियम ३९ उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने, कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसार वडा कार्यालय मार्फत पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने र बितरणमुखी प्रकृतिका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट खर्च गरी भुक्तानी दिएको पाईयो । उदाहरणको लागी नगरपालिका पुजीगत खर्च शिर्षक अन्तरगतका केही गौ भौ नं लाइ परीक्षण गरी हेर्दा निम्नानुसार देखियो । यसप्रकार गरेको खर्च रकमलाइ कानुनसम्मत भन्न मिल्ने नदेखिएको रु

| गौ.भौ.नं/मिति | व्यक्ति/संस्थाको नाम | खरिद बिबरण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १६८।०७९।५।१६ | वडा नं ९ अप्सरा न्यौपाने | बिभिन्न मर्मत कार्य | ५००००० | आफैको नाममा भुक्तानी लिएको |
| ३०७।०७९।७।२७ | प्रविशा एशेसरिज | गाडी मर्मत | १४३३२५ | कन्टिन्जेन्सी बाहेक |
| ३५०।०७९।११।२९ | वडा नं १२ का वडाध्यक्ष | झोला लगायत खरिद गरी बिभिन्न संघ/संस्थालाइ बितरण | ६०००० | बराल पुस्तक पसलबाट खरिद |
| ३८६।२०७९।१२।२० | वडा नं ११ सचिव | परिचयपत्र छपाइ | ३८६०० | |
| ४५९।२०८०।१।२५ | वडा नं १२ का वडाध्यक्षबाट चैतेदशै पुजा खर्च | कोटकालिका मन्दिर | ११०००० | वडाध्यक्ष बाट आर्थिक सहयोग प्रदान |
| ३६७।२०७९।१२।२ | वडा नं १२ का वडाध्यक्षबाट वार्षिकोत्सव मनाउन | राष्ट्रिय आधारभुत बिद्यालयको बार्षिक उत्सव | ३०००० | |
| २१२।०७९।५।१८ | अर्चले युवा क्लव | बिल भुक्तानी | १५०००० | वडाका सचिवबाट |
| ७५४।२०८०।३।२२ | वडा नं. १२ का सचिव शेषमोती उर रहमान | वडा कार्यालय उद्घघाटन र रुद्रि पुजा खर्च | ३५००० | |

| | | | | |
|---|---|---|---|---|
| ७४२।२०८०।३।२२ | वडा नं. १२ का सचिव शेषमोती उर रहमान | राष्ट्रिय धान दिवसमा भएको खर्च | ३५००० | |
| | | जम्मा | ११०१९२५ | |

पालिकाको सभाले प्रत्येक वडालाइ रु.६० लाख बिनियोजन गरी सो मध्येबाट रु.१२ लाखसम्म चालु खर्च गर्न सक्नेगरी अख्तियारी प्रदान भए बमोजिम वडाहरुबाट सो अनुरुप खर्च गर्ने गरिएको व्यहोरा लेखापरीक्षणमा कार्यालयले जनाएको छ ।

| | |
|---|---|
| अनियमित भएको | ११,०१,९२५ |

३५ **अन्य निकायको खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने र दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघिय तथा प्रादेशिक निकायहरुको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरुले खर्च गर्नुपर्ने प्रावधानहरु रहेका छन् । कार्यालयले देहाय बमोजिम अन्य निकायहरुको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानिय संचित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु

| गौ.भौ.नं/मिति | व्यक्ति/संस्थाको नाम | खरिद बिबरण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १७।२०७९।४।१९ | पुर्कोट दुग्ध उत्पादक सहकारी संस्था | जेनेरेटर | ५७३७५४ | नाफामुलक संस्था |
| २००।२०७९।५।१७ | बरभन्ज्याङ्ग महिला विकास वचत तथा ऋण सहकारी संस्था लि. | भवन निर्माण | २८१००९ | |
| | सिलदेवी महिला वचत तथा ऋण सहकारी संस्थाकाेभ भवन निर्माण | भवन | २४१७७६ | |
| २२०।२०७९।५।१८ | सिलदेवी महिला बचत तथा ऋण सहकारी संस्था | तारवार, तारजाली र पर्खाल लगाउने कार्य | २४९००० | |
| ६०७।२०८०।३।१ | प्रगति दुग्ध सहकारी संस्था | फर्निचर | २९१००० | |

| | | | | |
|---|---|---|---|---|
| २४४।२०७९।५।१८ | रुपाकोट सामुदायिक सिकाइ केन्द्र | कम्प्युटर/प्रिण्टर लगायत | १००००० | गैसस |
| २०७९।१२।२४ | ईलाका प्रहरी कार्यालय कम्पाउण्ड वाल निर्माण | भवन | २४२२७२ | अन्य निकाय |
| २३।२०७९।४।२० | नेपाल भूतपुर्व प्रहरी संगठन | बिभिन्न सामाग्री | १००००० | |
| ३३१।०७९।११।१८ | कारागार कार्यालय दमौलीलाइ | १४ थान लोबेड | १२६५६० | |
| | जम्मा | | २२०५३७१ | |

| | |
|---|---|
| अनियमित भएको | २२,०५,३७१ |

३६ **गल्ती सच्चाएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । पालिका स्थित पुरन्डिहीमा १५ शैयाको अस्पताल भवन निर्माण ठेक्का नं= १४।२०७७।७८ का निर्माण व्यवसायी घिसिङ्ग।कुंवर जे भी लाइ चौथो र पाचौ रनिङ्ग बिलसम्मको ठेक्का बिल र नापी किताव अनुसार रु ३९९३३६७। (मु अ कर रकम सहित) बढी भुक्तानी दिएको देखिएकोमा लेखापरीक्षण अवधिमा उक्त कामको नापीकिताव र ठेक्का बिलमा करेक्सन गरी बढी भुक्तानी हुन गएको रकम समायोजन गरेको व्यहोरा कार्यालयले जनाएको छ । यसप्रकार हुने गल्ति तथा कमजोरीहरुलाइ आन्तरिक नियन्त्रणको बलियो प्रावधान अवलम्वन गरी नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **दररेट लिइ खरिद**

*........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२४ को निर्णयबाट रु. १७८८८५३ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

३८ **जिन्सी सम्पत्तीको आम्दानी र निरीक्षण**

गण्डकी प्रदेश आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को परिच्छेद ११ मा जिन्सी मालसामान तथा सम्पत्तीको लगत,संरक्षण तथा निरीक्षण आदि सम्वन्धमा बिबिध प्रावधानहरु उल्लेख रहेका छन् ।पालिकाले जिन्सी मालसामानको लगत अद्यावधिक गर्दा र आम्दानी बाध्दा महालेखा नियन्त्रक कार्यालयले सरकारी निकायमा अनिवार्य रुपमा लागु गरेको PAMS Software System मा आधारित सफ्टवेयर प्रणाली मार्फत जिन्सी मालसामान तथा मौज्दातको आम्दानी बाध्ने तथा लगत राख्ने गर्नुपर्नेमा सोबमोजिम राख्ने गरेको छैन । त्यसैगरी आर्थिक वर्ष समाप्त भएपश्चात जिन्सी मालसामान तथा सम्पत्तीको नियमानुसार निरीक्षण गराइ प्रतिवेदन लिनुपर्ने र प्रतिवेदनको कार्यान्वियन गर्नुपर्नेमा निरीक्षण गरेको जनाएतापनि प्रतिवेदनको कार्यान्वियन गराएको देखिन आएन । पालिका मातहत रहेका १३ वटा वडा कार्यालयहरु र स्वास्थ्य लगायतका बिषयगत शाखा कार्यालयहरुमा रहेका जिन्सी सम्पत्तीको पालिकामा आंशिक रुपमा मात्र अभिलेख गरिने गरेको, सहायक जिन्सी खाता राख्ने नगरेको र निरीक्षण प्रतिवेदनमा समेत सबै सम्पत्ती समेटिएको नदेखिएबाट पालिकाले जिन्सी खाता अद्यावधिक गरी यसमा सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **उपभोक्ता समितिबाट गराएको काम**

कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम ७४१=वटा उपभोक्ता समितिहरुसंग रु.=२३१२४४९६९=।को लागत अनुमान स्वीकृत गरी सम्झौता गरेकोमा रु.२१२१०४९७७=। को कार्य गराएको छ । जसमा रु.=२१९९२७४३। को कार्य जनसहभागिताबाट गराइ बाकी रु.==१९००९४१०२। नगरपालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| विवरण | उपभोक्ता समिति संख्या | लागतअनुमान /सम्झौता रकम | जनसहभागिताबाट भएको काम | भुक्तानी रकम | जम्मा काम |
|---|---|---|---|---|---|
| यो वर्ष सम्झौता र कार्य गराइ भुक्तानी भएको | ५०४ | १७५१२७२४३ | १६१२८२३९ | १४३७७९९२६ | १५९९०८१६५ |
| गतवर्ष सम्झौता र कार्य गराइ योवर्ष भुक्तानी भएको | २३७ | ५६११७७२६ | ५८६४५०४ | ४६३१४१७६ | ५२१९६८१२ |
| जम्मा | =SUM(ABOVE) 741 | २३१२४४९६९ | २१९९२७४३ | १९००९४१०२ | २१२१०४९७७ |

उक्त कारोवारको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।
(क) हस्तान्तरण र लगत अद्यावधिकः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र भानु नगर पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र दफा ४ को उपदफा (१) खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति

मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

(ख) मुल्य अभिबृद्धि करः कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मुल्य अभिबृद्धि कर बाहेक परिमाण र दर बिश्लेषणबाट निकालिएको लागत अनुमानमा मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्रीको मात्र मुल्य अभिबृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाइ कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मुल्य अभिबृद्धि कर रकममा नबढ्नेगरी मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मुल्य अभिबृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मुल्य अभिबृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मुल्य अभिबृद्धि करको सबै रकम उपभोक्ता समितिलाइ भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रुपमा तिरेको मुल्य अभिबृद्धि कर रकम भन्दा बढी रकम निजलाइ भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्वन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

(ग) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

(घ) जनश्रमदान र लागत सहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशतको हाराहारीमा नगद वा जनसहभागिताबाट कार्य गराएको देखियो । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्न्नु पर्दछ ।

(ङ) सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु

रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

(च) अनुगमन समितिः नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी नगरपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

(छ) तेश्रो पक्षबाट कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उक्त उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

(ज) हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो स्तरीन्नती गर्ने, रिटेनिगं वाल लगाउने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु समेत प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

(झ) गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ४० उपभोक्ता/लाभग्राही समुह मार्फत सामाग्री खरिद

सार्वजनिक खरिद नियमावलीको नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । नगरपालिकाले उक्त नियमावली विपरित देहाय अनुसार बिभिन्न उपभोक्ता समिति वा लाभग्राही समुह वा संस्था लगायतको माध्यमबाट टुक्रा गरी पाइप, फर्निचर लगायत बिभिन्न किसिमका सामाग्रीहरु

सोझै वा खुला ३ दररेट लिइ खरिद गरी भुक्तानी दिएको छ । यसप्रकार चाहिने बस्तु तथा सामाग्री लगायतका सम्पत्तिहरुको आवश्यक्ता बिश्लेषण गरी उपरोक्त ऐन र नियमावली अनुसार सोही बमोजिम खरिदको योजना र प्याकेज बनाएर प्रतिस्पर्धा गराइ आपुर्ति गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी बितरणमुखी प्रकृतिका सामाग्रीहरु टुक्रा गरेर सम्वन्धित लाभग्राही समुहबाट खरिद गरेबाट खरिद कार्यमा पार्दर्शिता र स्वच्छ प्रतिस्पर्धा हुन पाएन।यसका केही उदाहरण निम्नानुसार छन् । यसप्रकार गरेको खर्च रकमलाइ नियमसम्मत भन्न मिल्ने नदेखिएको रु

| गौ.भौ.नं/मिति | व्यक्ति/संस्थाको नाम | खरिद बिबरण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| ४७।२०७९।५।१४ | सुगुरे रयायलो वस्ति पाइप | पाइप | ४७५९७ | प्रयोगको प्राविधिक पुष्ट्याइ र नापी किताव समेत नरहेको |
| २६१।२०७९।५।१९ | सिन्धुमुनि कुसिमर्याङ्ग खा. पा. उ.समिति | टंकी र पाइप खरिद | १३७७९५ | |
| ३०१।२०७९।६।११ | गणेण ट्रेड सप्लायर्स | HDPE पाइप खरिद | १२२९९६ | |
| २४८।२०७९।५।१८ | गहतेरी खा.पा. उ.स. | पाइप खरिद | ४५५०० | |
| ६४०।२०८०।३।८ | हटियाटोल सडक बत्ती जडान उ स | सामाग्री खरिद | ९४६७८ | |
| ७७७।२०८०।३।२३ | उपभोक्ता समितिले सिद्धिता स्टोरबाट खरिद | २३०० मिटर HDPE पाइप खरिद | ३५०००० | |
| ७४९।२०८०।३।२२ | जेष्ठ नागरिक आराम स्थल ढलेको बगैचा उ स ले खरिद | फर्निचर, टीभी लगायत खरिद | ३००००० | |
| ७१८।२०८०।३।२० | वडा नं.३ का सचिव जानुका सुर्खालीलाइ भुक्तानी | बांस र फलफुलको बिरुवा वडा कार्यालयमा रोपेको र बांदर भगाउने यन्त्र बितरण गरेको | ९२१२७ | उक्त काम भएको प्राविधिक पुष्ट्याइ र बितरणको भर्पाइ समेत नभएको । |
| | | जम्मा | ११९०६९३ | |

| | |
|---|---|
| अनियमित भएको | ११,९०,६९३ |

४१ **लाभग्राही समुह मार्फत निर्माण सामाग्री खरिद**

.......... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२४ को निर्णयबाट रु. ८६४४४२२ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

४२ **जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको व्यहोरा खर्चका बिलभर्पाइहरुबाट देखिन आयो । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका सडक निर्माण गर्ने, भवन, कल्भर्ट, टंकी, निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएको प्राप्त बिबरण बिश्लेषण गर्दा उपभोक्ता समिति वा लाभग्राही समुहबाट कार्य गरिएका कुल ७४१ वटा योजनाहरु मध्ये रु. ५ लाख भन्दा बढी लागत अनुमान रहेका १०१ वटा निर्माण कार्यहरुमा देहाय बमोजिम रु. ९ करोड ४६ लाख ४७७।को कार्य गराइ रु ७ करोड ४९ लाख ४६ हजार ९२८। भुक्तानी गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।यसको बिबरण संलग्न अनुसुचीमा रहेको छ।ऐन र नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| **क्र.स.** | कामको विवरण र स्थान | वडा | **प्रकार** | **सम्झौता** | **सम्पन्न काम** | **भुक्तानी रकम** | **सम्पन्न** |
|---|---|---|---|---|---|---|---|
| १ | आदर्श सरस्वती मा.वि. २ कोठे पक्की भवन निर्माण | ६ | भवन | 1,801,824.00 | 1,801,588.00 | 1800000 | भएको |
| २ | मनोहर मा.वि. २ कोठे पक्की भवन निर्माण | ८ | भवन | 1,801,824.00 | 1,720,944.00 | 1,720,944.00 | भएको |
| ३ | अरनिको मा.वि. शौचालय निर्माण | १३ | भवन | 751,839.00 | 671,129.00 | 606109 | भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सरस्वती सदन मा.वि. २ कोठे पक्की भवन निर्माण | ५ | भवन | 1,801,824.00 | 1,799,299.00 | १७९९२९९ | भएको |
| ५ | होरालो मा.वि. ४ कोठे पक्की भवन निर्माण | २ | भवन | 4,438,427.00 | 3,985,975.00 | ३६०००००० | भएको |
| ६ | डांडाथोक शिवालय मन्दिर पर्यटकीय पूर्वाधार निर्माण | ६ | पर्यटन | 1,868,491.00 | 1,807,589.00 | १६४२१७१ | भएको |
| ७ | मर्याङ्दी आ वि | ३ | भवन | 2,753,808.00 | ७५०००० | ७५०००० | नभएको |
| ८ | चोक मा.वि | १० | भवन | 5,503,381.00 | १५०००००० | १५०००००० | नभएको |
| ९ | पञ्चनगर माझडिही झोपुल | ४,५ | पुल | 3,146,398.00 | | २६९४६०३ | नभएको |
| १० | खहरे मगर जातिको जातीय संग्राहालय | ३ | भवन | 1,075,411.00 | 1,065,886.00 | ९६१४०८ | भएको |
| ११ | विभिन्न सडक मर्मत तथा सुधार | 8 | सडक | 1,923,894.62 | 1,753,027.21 | 1,590,932.00 | भएको |
| १२ | लौडारी गाउँ शिवालय मन्दिर निर्माण | 4 | पर्यटन | 641,938.85 | 483,429.90 | 438,291.28 | भएको |
| १३ | खुसुण्डे भानु ८ वडा कार्यालय हुदै फाँउदी खोला | 8 | सडक | 3,215,893.01 | 3,220,979.38 | 2,910,000.00 | भएको |
| १४ | सिमलचौर चन्द्रावती खा.पा. योजना भानु १३ | 13 | खानेपानी | 750,800.13 | 735,573.79 | 665,229.78 | भएको |
| १५ | फाँउदीखोला कुडुले हुदै बसन्तपुर स्वास्थ्य चौकी कच्ची मोटर मार्ग | 7 | सडक | 751,416.42 | 735,661.11 | 664,763.08 | भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | बासपानी लिफ्ट खानेपानी | 13 | खानेपानी | 747,550.84 | 724,055.25 | 657,658.97 | भएको |
| १७ | बागेश्वरी मोटर मार्ग | 6 | सडक | 3,202,666.12 | 2,610,896.25 | 2,372,307.26 | भएको |
| १८ | जनसामुदायिक मार्ग हाजीचोक विर्ता | 13 | सडक | 747,725.18 | 740,152.81 | 672,123.62 | भएको |
| १९ | बाइसजंगार मञ्च निर्माण | 9 | भवन | 1,069,872.61 | 1,048,010.70 | 950,178.90 | भएको |
| २० | तिलाहार सामुदयिक भवन | 4 | भवन | 960,654.33 | 1,320,789.22 | 873,000.00 | भएको |
| २१ | रातामाटा वडा कार्यालय राइपाली भज्याङ्ग | 10 | सडक | 3,254,592.43 | 3,235,619.87 | 2,893,036.23 | भएको |
| २२ | खड्का गाउँ माझीवन मोटर मार्ग | 8 | सडक | 536,625.11 | 509,524.35 | 460,506.42 | भएको |
| २३ | भाटटारी देखी हेल्थपोष्ट हुदै वडा कार्यालय | 7 | सडक | 3,225,018.09 | 3,209,632.77 | 2,896,117.51 | भएको |
| २४ | इदगाह स्तरोन्नती | 13 | विविध | 747,504.84 | 737,558.18 | 669,964.90 | भएको |
| २५ | वारीफाँट सामुदायिक भवन | 5 | भवन | 537,730.90 | 528,866.84 | 477,005.17 | भएको |
| २६ | उपल्लो मैदान सामुदायिक भवन निर्माण | 10 | भवन | 1,610,427.70 | 1,605,571.46 | 1,450,612.45 | भएको |
| २७ | टारीकुलो बोहोरा गाउँ | 4 | विविध | 544,999.58 | 549,258.92 | 485,000.00 | भएको |
| २८ | लगनशिल महिला विकास केन्द्र भवन निर्माण | 8 | भवन | 857,286.54 | 823,212.95 | 745,157.21 | भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९ | उपल्लो मैदान सामुदायिक भवन निर्माण | 10 | भवन | 1,610,427.70 | 1,605,571.46 | 1,450,612.45 | भएको |
| ३० | टारीकुलो बोहोरा गाउँ | 4 | विविध | 544,999.58 | 549,258.92 | 485,000.00 | भएको |
| ३१ | लगनशिल महिला विकास केन्द्र भवन निर्माण | 8 | भवन | 857,286.54 | 823,212.95 | 745,157.21 | भएको |
| ३२ | तामाङ्ग भवन निर्माण | 11 | भवन | 747,662.59 | 747,758.08 | 679,000.00 | भएको |
| ३३ | छत्रेपुल थानीको थान मोटर मार्ग | 10 | सडक | 1,068,019.04 | 1,048,489.99 | 952,263.26 | भएको |
| ३४ | याङ्सिङ्ग आमा समुह भवन निर्माण | 10 | भवन | 539,484.34 | 495,974.50 | 445,884.37 | भएको |
| ३५ | पिपलथोक आमा समुह भवन बयापानी | 12 | भवन | 753,456.03 | 757,866.75 | 679,000.00 | भएको |
| ३६ | चन्द्रावती मिर्लुङ्गकोट मोटर मार्ग | 12 | सडक | 3,221,975.84 | 3,224,212.60 | 2,910,000.00 | भएको |
| ३७ | सामुदायिक बहुउदेश्यिय भवन टुहरेपसल | 6 | भवन | 537,580.95 | 538,993.61 | 485,000.00 | भएको |
| ३८ | खहरे मगर जातिको जातीय संग्राहालय | 3 | भवन | 1,075,411.55 | 1,065,886.68 | 961,408.76 | भएको |
| ३९ | वाराही मार्ग | 5 | सडक | 3,205,560.53 | 3,186,006.27 | 2,892,248.69 | भएको |
| ४० | सिताराम मन्दिर | 4 | पर्यटन | 535,408.37 | 461,658.90 | 418,194.00 | भएको |
| ४१ | पोखरीछाप लिफ्ट खानेपानी योजना | 12 | खानेपानी | 1,601,203.92 | 1,542,916.34 | 1,402,034.59 | भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४२ | ढुकुर्दी खानेपानी | 3 | खानेपानी | 535,655.19 | 593,741.44 | 485,000.00 | भएको |
| ४३ | ओखले आमा समुह भवन | 12 | भवन | 534,615.35 | 530,865.01 | 481,597.71 | भएको |
| ४४ | सिम्ले तामाङ्ग समाज भवन | 3 | भवन | 542,873.98 | 542,773.98 | 484,910.66 | भएको |
| ४५ | राष्ट्रिय विभुति अम्मर सिंह मार्ग | 6 | सडक | 862,579.23 | 861,497.52 | 775,026.86 | भएको |
| ४६ | कवि केशरी तिर्थराज पाण्डे मोटर मार्ग | 3 | सडक | 3,216,662.22 | 3,216,606.23 | 2,909,949.35 | भएको |
| ४७ | मडकिना कोटगाँउ हुँदै वयापानी मार्ग | 12 | सडक | 537,911.43 | 537,352.48 | 484,496.03 | भएको |
| ४८ | नेमुनी मोटर मार्ग स्तरोन्नती | 8 | सडक | 1,075,351.98 | 1,055,308.05 | 951,919.77 | भएको |
| ३९ | मयाखु खानेपानी | 11 | खानेपानी | 535,463.18 | 535,431.54 | 484,971.34 | भएको |
| ५० | कालामाटा गैरीफाँट मोटर मार्ग नाला निर्माण | 3 | सडक | 1,602,972.50 | 1,598,712.62 | 1,451,133.36 | भएको |
| ५१ | गैराथोक सामुदायिक भवन | 6 | भवन | 533,590.63 | 526,269.67 | 478,345.71 | भएको |
| ५२ | कालिका ब्राहमण क्षेत्री समाज भवन निर्माण | 1 | भवन | 549,263.03 | 544,593.46 | 480,876.76 | भएको |
| ५३ | गाउँसेवा मोटर मार्ग | 12 | सडक | 961,407.63 | 957,247.17 | 869,222.12 | भएको |
| ५४ | कल्याणटार पिपलचोक मार्ग | 1 | सडक | 535,375.60 | 519,686.07 | 470,786.76 | भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५५ | बगुवा खोलाबाट मोहोरियाटार जाने बाटो पक्की नाला निर्माण | 3 | सडक | 1,088,758.68 | 1,088,769.84 | 970,000.00 | भएको |
| ५६ | थानिकोथान बगैचा हुदै तिनपिप्पले कच्ची मोटर मार्ग | 7 | सडक | 536,663.19 | 536,663.19 | 485,000.00 | भएको |
| ५७ | वडा कार्यालय जाने ठाडो बाटो | 6 | सडक | 800,476.19 | 800,513.98 | 727,500.00 | भएको |
| ५८ | वि पि स्मृति भवन | 9 | भवन | 961,265.43 | 962,141.83 | 873,000.00 | भएको |
| ५९ | टंकी निर्माण बगालेफाँट | 8 | खानेपानी | 857,623.85 | 857,755.20 | 776,000.00 | भएको |
| ६० | गुरुङ्गगाउँ ढकालटा ढकाल वस्ती मोटर मार्ग | 8 | सडक | 536,649.80 | 535,245.12 | 483,730.51 | भएको |
| ६१ | ढुङ्गागाढे टोल विकास संस्था | 6 | भवन | 534,730.33 | 530,503.53 | 481,166.30 | भएको |
| ६२ | काउरेटार बगैचा सामुदायिक भवन | 9 | भवन | 538,983.81 | 539,311.14 | 485,000.00 | भएको |
| ६३ | भिमसेन कालिका आमा समुह भवन निर्माण | 1 | भवन | 536,944.50 | 536,717.99 | 484,795.40 | भएको |
| ६४ | वगरेडाँडा कालिपोखरी चापखर्क हुदै मानेचौका मोटर मार्ग | 10 | सडक | 547,430.69 | 546,430.84 | 484,114.18 | भएको |
| ६५ | सातविसे बगर कुलो निर्माण | 4 | खानेपानी | 554,261.40 | 557,167.36 | 485,000.00 | भएको |
| ६६ | धनेटारी मोटर मार्ग | 9 | सडक | 539,809.72 | 539,976.36 | 485,000.00 | भएको |
| ६७ | रिठ्ठाबोट सडक ग्राभेल तथा नाली शहिद मार्ग | 2 | सडक | 1,107,893.91 | 1,108,942.91 | 970,000.00 | भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६८ | डाडाथोक शिवालय मन्दिर पर्यटकीय पुर्वाधार निर्माण तथा शिवालय मन्दिर पुर्वाधार निर्माण | 6 | पर्यटन | 1,868,491.47 | 1,807,589.82 | 1,642,171.65 | भएको |
| ६९ | कर्मदा जुगेफाँट सडक | 9 | सडक | 1,616,980.11 | 1,622,985.35 | 1,455,000.00 | भएको |
| ७० | आम्बोटे कालिमाटी वोरिङ्ग खानेपानी | 2 | खानेपानी | 2,334,724.53 | 2,334,724.53 | 1,940,000.00 | भएको |
| ७१ | तुर्लुङ्कोट देवीथान रोडमार्ग मुख्यद्धार पक्की नाला निर्माण | 3 | सडक | 540,242.46 | 539,280.40 | 484,136.32 | भएको |
| ७२ | तामाङ्ग सेवा समाज भवन मर्मत जामुनेगैरा | 1 | भवन | 542,391.66 | 540,540.09 | 483,344.35 | भएको |
| ७३ | शिवालय मन्दिर भानु १ साजबोटे | 1 | पर्यटन | 853,658.58 | 833,557.97 | 757,727.97 | भएको |
| ७४ | राष्ट्रिय मावि चोक मयाखु मोटर मार्ग | 11 | सडक | 1,609,202.93 | 1,609,256.73 | 1,455,000.00 | भएको |
| ७५ | पखेरा रिप भानु न.पा. ४ ७ र ८ जोड्ने मार्ग | 4 | सडक | 754,461.97 | 757,397.53 | 679,000.00 | भएको |
| ७६ | कालिका नेवा गुठी समाज भवन निर्माण | 11 | भवन | 536,313.20 | 536,700.75 | 485,000.00 | भएको |
| ७७ | भुजेल घर्ती समाज भवन निर्माण ओझागाउँ | 1 | भवन | 537,829.05 | 542,384.91 | 485,000.00 | भएको |
| ७८ | नमबुद्ध तामाङ्ग आमा समुह भवन निर्माण | 11 | भवन | 1,067,028.45 | 1,067,763.42 | 970,000.00 | भएको |
| ७९ | सिमलचौर कृषी सडक | 13 | सडक | 533,954.08 | 532,598.44 | 483,768.65 | भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८० | सिमलटार पुरानो घाट देखि कृषि तथा पशुफर्म सोती सम्म जाने ४०० मि.बाटो ग्राभेल | 1 | सडक | 539,078.11 | 536,278.10 | 482,480.88 | भएको |
| ८१ | सिद्धेश्वरी मन्दिर निर्माण | ५ | पर्यटन | ५३७०८२ | ४३३३४७ | **391324.33** | भएको |
| ८२ | चन्द्रावती दाहसंस्कार स्थल निर्माण | १३ | भवन | ७४९०९६ | ६५८२५६ | **596660.19** | भएको |
| ८३ | वडा कार्यालय भवन मर्मत समिति | ११ | भवन | ५३४८९५ | ५२३५३७ | ४८९३८३ | भएको |
| ८४ | कस्र्याङ्गदी खाेला तथा सालबाेट कुलो संरक्षण | १३ | खानेपानी | ५३८४०६ | ५१४२७० | ४६३२५७ | भएको |
| ८५ | मयाखुँ ढाडखाेला तटबन्धन | ११ | विविध | १०७७७७० | १०८०८२५ | ९७०००० | भएको |
| ८६ | मिर्लुङ्गकाेट पर्यटन मार्ग | १२ | सडक | ७५३४५७ | ७३२९८४ | ६६०५५० | भएको |
| ८७ | तार्कुघाट मरनघाट निर्माण संरक्षण याेजना | १० | भवन | ५३५५०३ | ५३८२८४ | ४८५००० | भएको |
| ८८ | शारदा कलेज ट्रस निर्माण याेजना | २ | भवन | ५३५६०५ | ५३२०९२ | ४८१८१८ | भएको |
| ८९ | सिम छहरे खानेपानी याेजना | ९ | खानेपानी | ७४९४६७ | ६६३९३७ | ६०१५११ | भएको |
| ९० | देउराली खडकागाउँ वरखाेला माेटरवाटाे | १३ | सडक | ५६४१०६ | ४९१५५१ | ४२२६२० | भएको |
| ९१ | थानीमाई तथा निर्जला मन्दिर मर्मत | ७ | भवन | ५३५०२८ | ५३८०६६ | ४८५००० | भएको |
| ९२ | गैरी गाउँ समाज सामुदायिक भवन | ७ | भवन | ५३४३४० | ५५२१६४ | ४८५००० | भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९३ | थानीमाई तथा निर्जला मन्दिर मर्मत | ७ | भवन | ५३५०२८ | ५३८०६६ | ४८५००० | भएको |
| ९४ | टरेली युवा पिशवार ट्रष्ट निर्माण | ४ | भवन | ५३३८६४ | ५२९७०० | ४८१२१७ | भएको |
| ९५ | सामुदायिक बहुउद्धेश्यीय भवन टुहुरेपसल | ६ | भवन | ५४४६९१ | ४०८१६५ | ३६३४३५ | भएको |
| ९६ | चापपानीटार खानेपानी याेजना | ४ | खानेपानी | ५३४३२५ | ३५२७९१ | ३२०२२३ | भएको |
| ९७ | रानागाउँ सामुदायिक हाेमस्टे याेजना | ४ | भवन | ७५२०५४ | ७५३६८३ | ६७९००० | भएको |
| ९८ | हाेरालाे शासि सदन मावि ट्रस निर्माण याेजना | २ | भवन | ८५६०११ | ८५६८७७ | ७७६००० | भएको |
| ९९ | आमवाेटे कजवे सरक्षण याेजना | ४ | विविध | ५३४४०० | २२२००३ | २०७७१३ | भएको |
| १०० | ग्रिन पार्क निर्माण याेजना | १ | पर्यटन | ५६८८३० | ५६८७९८ | ४८४९७२ | भएको |
| १०१ | भानु जन्मस्थल संरक्षण | ४ | भवन | ३२०४०४५ | ३१४०५८८ | २८५२३६६ | भएको |
| | जम्मा | | | 108178291 | 94600477 | 74946928 | |

सैद्धान्तिक बेरुजु

४ ३ **आर्थिक सहायता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण

अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.१६३५०००। आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ ।

| गो भौ न र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | प्रयोजन | सहायता रकम |
|---|---|---|---|
| 634/80/03/06 | सावित्री मजकोटी | आर्थिक सहायता | 25000.00 |
| 376/80/03/18 | ढुकुर्दी प्रगतीशिल युवा क्लव | आर्थिक सहायता | 30000.00 |
| 664/80/03/14 | दल बहादुर रानाभाट | आर्थिक सहायता | 6000.00 |
| 664/80/03/14 | नेप्टे ब थापा | आर्थिक सहायता | 6000.00 |
| 723/80/03/22 | गोर्खालीछाप युवा क्लव | आर्थिक सहायता | 20000.00 |
| 724/80/03/22 | राम बहादुर सुनार | आर्थिक सहायता | 6000.00 |
| 725/80/03/22 | शम्भु कुमार श्रेष्ठ | आर्थिक सहायता | 5000.00 |
| 735/80/03/22 | बन्दिपुर जेसि आई भानु | आर्थिक सहायता | 25000.00 |
| ५९१।२०८०।२।२९ | बिभिन्न २५ जना व्यक्ति | रु.५०००। देखि रु. १५०००। सम्मका दरले | २९५००० |
| ५८५।२०८०।२।२९ | बिभिन्न ६५ जना व्यक्ति | | ७४५००० |
| ६३७।२०८०।३।६ | बिभिन्न ८ जना व्यक्ति | | ११०००० |
| ६७९।२०८०।३।१५ | वडा नं ६ का बिभिन्न ७ जना व्यक्ति | | ९०००० |
| ७८५।०८०।३।२३ | बिभिन्न २ जना व्यक्ति | रु. १५०००। का दरले | ३०००० |
| ४३३।२०८०।१।१४ | नरजंग गुरुङ्ग | बिरामीबापत | २५००० |

| | | | |
|---|---|---|---|
| ४३२।२०८०।१।१४ | कोपिला गिरी | मृतकको घरमा | २५००० |
| ४१७।२०८०।१।५ | हरि बहादुर सुनार | पोष्टमार्टमको लागी | १५००० |
| ३५१।०७९।११।२९ | वडा नं १२ का मृगौला पिडित | बिरामीबापत | २०००० |
| ३८७।२०७९।१२।२१ | सर्जु रानालाइ | रोगबापत | २५००० |
| ७७४।२०८०।३।२३ | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा सहभागी हुन र न्युफ्रेण्डसिप युवा क्लवको भलिवल प्रतियोगितामा | क्रमशः प्रतिमा थापालाइ रु.२० हजार र क्लवलाइ रु.१५ हजारका दरले | ३५००० |
| २०८०।३।२० | भूपू विद्यार्थी एकता समाज | आर्थिक सहयोग | ९७००० |
| | जम्मा | | १६३५००० |

सैद्धान्तिक बेरुजु

**४ साना सिचाई कार्यक्रम**

४

साना सिचाई विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ले साना सिंचाई विशेष कार्यक्रम भन्नाले पहाडमा बढीमा २५ हेक्टर र तराईमा बढीमा २०० हेक्टरसम्म (सिंचाई नीति, २०७०) सिंचाई हुने गरी नेपाल सरकारको तर्फबाट बढीमा रु. तीन लाख सम्मको अनुदान सहयोग र उपभोक्ता समेतबाट इष्टिमेटको कम्तीमा १५ प्रतिशतको रकम नगद वा जिन्सी वा श्रमदान वा तिनै थरीको सहयोग योगदान स्वरुप उपलब्ध गराई निर्माण गरिने स-साना सतह सिंचाई प्रणाली संरचनाहरु, वर्षातको पानी जम्मा गर्ने पानी पोखरीहरु, भूमिगत सिंचाई प्रणाली, नवीनतम प्रविधिमा आधारित सिंचाई प्रणालीलाई जनाउँदछ भन्ने उल्लेख छ। कार्यविधिमा तोकेभन्दा कम लागत सहभागिता गरेको देहाय बमोजिमको रकम सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| क्र संख्या | कृषक समुहको नाम | अनुदान रकम | लागत अनुमान | हुनुपर्ने योगदान | भएको उपभोक्दा योगदान | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| 1 | चाँदि विरुवा कृषक समुह | ९०४७८ | १०५०२५ | 15753.8 | 13703 | 2050.75 |
| 2 | बाँसबोटे कृषक समुह | ९०९०० | 104752 | 15712.8 | 14134 | 1578.8 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3 | देउराली कृषक समुह | ९०८१९ | 104834 | 15725.1 | 13923 | 1802.1 |
| 4 | खत्रि खोला कृषक समुह | ९०९०० | 104882 | 15732.3 | 14837 | 895.3 |
| 5 | समता कृषि सहकारी | ८९६८९ | 106890 | 16033.5 | 14779 | 1254.5 |
| 6 | श्री शुभकामना कृषक समुह | ८८०२६ | 104568 | 15685.2 | 10794 | 2017 |
| 7 | सुनथैली कृषक समुह | ९०९०० | 104671 | 15700.7 | 13771 | 1929.65 |
| 8 | पिपलबोट कृषक समुह | ९०११२ | 104705 | 15705.8 | 13844 | 1861.75 |
| जम्मा | | | | | | 13389.85 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,३९० |

४५ **औषधि खरिद**

पालिकाले गो. भौ. नं. ३/०७९/१०/१२ बाट पशु रोग निवारण कार्यक्रममा औषधि खरिद गर्दा कार्यपालिकाबाट मिति ०७९/७/१५ मा निर्णय गराई सम्झौता बेगर बराल भेटेनरी सप्लायर्ससंग रु.५०००००।को औषधि खरिद गरेको । साथै औषधि खरिद गर्दा औषधिको उत्पादन मिति, व्याच नम्वर र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञबाट मुचुल्का उठाउने गरेको देखिएन। पालिकाले आगामी दिनमा यस सम्बन्धमा सुधार गर्नुपर्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सक्कल विल भरपाईको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई विल भरपाईको आधारमा जनश्रमदानको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिलाई विभिन्न योजनाको भुक्तानी दिंदा भुक्तानी दिनुपर्ने भन्दा देहाय बमोजिम बढी भुक्तानी गरेको पाइयो। जसका केही उदाहरणहरु निम्नानुसार छन्। यसप्रकार बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असुल हुनुपर्ने रु.

| गो. भौ. नं./मिति | उ. स. को नाम | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ६२४/०८०/३/३ | भवानी बहुउद्देश्यिय भवन उपभोक्ता समुह | २३९२५१ | २७३५८९ | ३४३३८ |
| ६८०/०८०/३/१८ | तेरतेर आमा समुह भवन निर्माण | २६३१८० | २८२४९९ | १९३१९ |
| ६८५/०८०/३/१८ | थानीको थान वगैचा हुँदै तिनपिप्ले कच्चि मोटर | ४३७६३८ | ४६६५६८ | २८९३० |
| ७७५/०८०/३/२३ | पूर्वगाउँ आमा समुह भवन निर्माण | ९३८९२ | ९५६४६ | १७५४ |
| ७७६/०८०/३/२३ | पिपलथोक आमा समुह | ६४९३४१ | ६५३३१६ | ३९७५ |
| जम्मा | | | | ८८३१६ |
| | | | असुल गर्नुपर्ने | ८८,३१६ |

**४७ लागत स्टिमेट र कार्यक्रम सम्पन्न प्रतिवेदन बेगर भुक्तानी**

सार्वजनिक खरिद नियमावलिको नियमा ८५ मा सार्वजनिक निकायले रु १ लाख भन्दा बढिको खरिद गर्दा लागत अनुमान बमोजिम ३ वटा आपूर्तिकर्तासँग कोटेशन माग गरी मितब्ययी तरवले खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न कार्यक्रम संचालनका लागि एउटै कार्यक्रमका लागि १ लाख भन्दा बढी रकमको खरिदमा लागत अनुमान बेगर गरेको पाईयो। जसका केही उदाहरणहरु देहाय बमोजिम छन्।

| गो. भौ. नं./मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४/०७९/१०/१६ | कुकुर बन्ध्याकरण शिविर सञ्चानल | सन्दीप ढकाल | १४२००० |
| ३०/०८०/३/२ | पशु पंछि रोग खोप सञ्चालन | सन्दीप ढकाल | ७६००० |
| | जम्मा | | २१८००० |
| | | | सैद्धान्तिक बेरुजु |

**४८ तरकारी खेति प्रवर्धन कार्यक्रम**

पालिकाले गो. भौ. नं. २१/०८०/२/२४ बाट तरकारी खेति कार्यक्रमका लागि विभिन्न १० कृषक समुहसंग बिउ खरिद र गुम्बोज प्लास्टिक खरिद पालिकाले गर्ने र मल तथा विषादि खरिद समुह स्वयमले गर्ने गरि पालिकाबाट अनुदान दिइने कुल सम्झौता रकम रु.७६८००। हुने गरि कुल रु.७४३६५३। रकमको सम्झौता गरि संचालन गरेको कार्यक्रममा देहाय अनुसारको व्यहोरा देखियो।

• अधिकाँश कृषकले लागत सहभागिता बापत हुने बिउ तथा मल खरिद गरेको पाईएन।

• कार्यक्रमको प्रभावकारीता सम्बन्धमा अनुगमन गरि प्रतिवेदन पेश गरेको पाईएन।

पालिकाले आगामी दिनमा यस कार्यमा सुधार गर्नुपर्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ४९ मौरी पालन

पालिकाले गो. भौ. नं. ३४/०८०/३/२४ बाट मौरी पालन कार्यक्रम संचालनका लागि राष्ट्रिय बहु कृषि तथा मौरी प्रजनन विकास उद्योगसंग मिति २०८०/३/१ मा भएको सम्झौतामा राष्ट्रिय बहु कृषि तथा मौरी प्रजनन विकास उद्योगले उपलब्ध गराएको मौरी गोला कृषकहरुलाई हस्तान्तरण पश्चात ७ दिनभित्र उडेर गएमा वा भागेमा राष्ट्रिय बहु कृषि तथा मौरी प्रजनन विकास उद्योगले उक्त घारमा पुन गोला उपलब्ध गराउनुपर्ने, सम्पूर्ण कार्यसम्पन्न भएपश्चात प्राविधिक प्रतिवेदको आधारमा नियमअनुसार कर कटाई भुक्तानी दिने उल्लेख छ। पालिकाले उक्त मौरी पालन कार्यक्रमको मौरी गोला कृषकहरुलाई हस्तान्तरण पश्चात ७ पश्चात अनुगमन निरिक्षण गरि प्रतिवेदन पेश गरेको छैन। सो बाट मौरी पालन गरिएका सम्पूर्ण मौरी घारमा मौरी उक्त अवधि सम्म रहे नरहेको एकिन हुन सकेन।५ वटा फ्रेममा गोला सहितको मौरीको घार ५६ वटा र खालि घार १२५ फिडर ६० वटा, Queen gate ६० वटा, पन्जा ६० वटा घुम्टि टोपि ४७ वटाको सामानको Bid Amount अनुसार रु ९२८३६६ मा सम्झौता भएकोमा पालिकाले उक्त फर्मलाई सम्पूर्ण कार्यसम्पन्न भएपश्चात रकम भुक्तानी दिनुपर्नेमा मौरीको गोला ५६ वटा र खालि घार ४० फिडर ६० वटा, Queen gate ६० वटा, पन्जा १३ वटा घुम्टि टोपि ४७ वटाको बिल बापत कार्यसम्पन्न भएपश्चात गर्नुपर्ने प्राविधिक प्रतिवेदन तयार नगरी भुक्तानी गरेको नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,३३,५३२ |

## ५० . मिनिटिलर खरिद

सार्वजनिक खरिद नियमावलिको नियमा ८५ मा सार्वजनिक निकायले रु १ लाख भन्दा बढिको खरिद गर्दा लागत अनुमान बमोजिम ३ वटा आपूर्तिकर्तासँग कोटेशन माग गरी मितब्ययी तरवले खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। साथै सम्झौतामा सम्झौता भएको मितिले ५ दिन भित्र खरिद गरिसक्नुपर्ने उल्लेख छ। गो. भौ. नं. ३३/०८०/३/२४ बाट पालिकाले मिनिटिलर खरिद गर्दा यसरी ३ वटा आपूर्तिकर्तासँग संग कोटेशन माग गरि सबैभन्दा कम दरमा पेश गर्ने आपूर्तिकर्तासँग खरिद गर्नुपर्नेमा मिति २०८०/३/२२ मा कम दर पेश गर्ने २ वटा आपूर्तिकर्ता खड्ग माई मेसिनरीलाई रु ५००५००। र रेनुका मेशिनरी एग्रो टुल्स सप्लायर्सलाई रु ४९३५००। दिने निर्णय गरि भुक्तानी गरेको छ। यसरी विभिन्न २९ वटा मध्ये ७ वटा कृषक समुह र २२ जना व्यक्तिले गरेको खरिदका लागि आपूर्तिकर्तालाई भुक्तानी गरेको छ। पालिकाले सम्झौतामा उल्लेख मिति भन्दा पछि सम्म खरिद गरेका कृषकको समेत बिल भुक्तानी गरेको छ। साथै कम दर पेश गर्ने आपूर्तिकर्तासँग थप सुविधाको लागि बार्गेनिङ गर्नुपर्नेमा दुबै आपूर्तिकर्तासँग

खरिद गर्दा मिलेमतोमा खरिद भएको हुन सक्ने देखियो। यसरी बढी मुल्यमा खरिद गर्नुपर्ने सामाग्री कृषक समुहलाई लक्षित गरि वितरण गर्नेपर्नेमा विभिन्न २९ वटा मध्ये ७ वटा मात्र कृषक समुहलाई वितरण गरि भुक्तानी भएको रु.९९४०००।

सैद्धान्तिक बेरुजु

५ **सहकारी आधारशीला कार्यक्रम**
१

सहकारी आधारशीला कार्यक्रम सञ्चालन नीति २०७७ को अनुसुची २ मा सहकारी आधारशिला कार्यक्रम सञ्चालनका लागि रु.१००००००। बजेट मध्ये रु ५०००००। नरपालिकाबाट खर्च गर्ने र बाँकी रु.५०००००। नेफ्सकुन ले प्राविधिक रुपमा बेहोर्ने उल्लेख छ। यस कार्यक्रमका लागि नेफ्सकुनलाई रु.४५७०८०। भुक्तानी भएकोमा नेफ्सकुनको तर्फबाट गर्ने रु.५०००००। को खर्चको पुष्ट्याईँ हुने बिल भरपाई पेश गरेको छैन। साथै सहकारी आधारशीला कार्यक्रम सञ्चालन नीति २०७७ मा उल्लेख भए बमोजिम अपेक्षाकृत नतिजा हाँसिल भए नभएको एकिन हुने गरि कार्यक्रमको अनुगमन, निरिक्षण गरि प्रतिवेदन पेश गरेको पाईएन। पालिकाले आगामि दिनमा यस कार्यमा सुधार गर्नुपर्छ।

सैद्धान्तिक बेरुजु

५ **कोटेशन बेगर खरिद**
२

सार्वजनिक खरिद नियमावलिको नियमा ८५ मा सार्वजनिक निकायले रु १ लाख भन्दा बढिको खरिद गर्दा लागत अनुमान बमोजिम ३ वटा आपूर्तिकर्तासँग कोटेशन माग गरी मितब्ययी तरवले खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न कार्यक्रम संचालनका लागि एउटै कार्यक्रमका लागि १ लाख भन्दा बढी रकमको खरिदमा कोटेशन बेगर खरिद गरेको पाईयो। जसका केही उदाहरणहरु देहायबमोजिम छन्। पालिकाले आगामी दिनमा खरिद गर्दा यस विषयमा ध्यान दिनुपर्छ।

| गो. भौ. नं./मिति | विवरण | आपूर्तिकर्ताको नाम | रकम |
|---|---|---|---|
| २/०७९/११/१५ | VTA Camp संचालन र मेडिकल अधिकृत परिचालनका | थानिमाई इन्टरनेशनल | रु १४९७५३ |
| १३/०८०/१/२५ | नसर्ने रोग अभियान | थानिमाइ इन्टरनेशनल | रु २६६३९७ |
| जम्मा | | | रु ४१६१५० |

सैद्धान्तिक बेरुजु

५ **. नन्फाईलर**
३

३०६।२०७९।११।१ मूल्य अभिबृद्दि कर ऐन, २०५२को दफा ७ बमोजिम असूल गरेको मूल्य अभिबृद्दि करको विवरण अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकले जिओसफ्ट टेक्नोलोजि प्रालि अनामनगर काठमाडौलाई बिल न १८ मिति २०७९।१०।२३ कार्यालयमा कर विजक पेश गरेको आधारमा मूल्य अभिबृद्दि कर भुक्तानी गरेको देखिन्छ । स्थलगत लेखापरीक्षणको क्रममा विभागको वेभसाईट परीक्षण गर्दा उक्त फर्म मिति २०७९ फल्गुन महिना देखि नन्फाईलर रहेकोले कारोवार रकम रु.४४१०००।को मूल्य अभिबृद्दि कर १३ प्रतिशतले रु.५७३३०। को ७० प्रतिशतले रु. ४०१३०। को कर समायोजनको प्रमाण पेश गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,१३० |

## ५४ न्युन विद्यार्थी संख्या भएका विद्यालय

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुतुपर्ने उल्लेख छ। सोही नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या 51 रहेको र यस आ व 2079/80 मा उक्त विद्यालयहरुलाइ यस पालिकाबाट जम्मा रु 318411484/- र देहायका 50 भन्दा कम विद्यार्थी संख्या भएको 21 विद्यालयमा पालिकाबाट रु 40905894/-निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार देहायका 21 वटा विद्यालयहरुमा उपरोक्त कानूनले तोकेभन्दा अत्यन्त्य न्यून संख्यामा विद्यार्थी रहेको व्यहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाइ उपरोक्त कानून कमोजिम एक आपसमा गाभि विद्यालय व्यवस्थापनलाइ चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ यस पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीहरुको ध्यान गइ कानून बमोजिम गर्नुपर्ने देखिन्छ। यस पालिका अन्तर्गत ५० भन्दा कम विद्यार्थि संख्या रहेका विद्यालयहरुको विवरण यस प्रकार छ।

| सिन | विद्यालयको नाम र ठेगाना | संचालित कक्षा | विद्यार्थिक ो संख्या | शिक्षक संख्या | यो वर्ष कुल निकासा | कैफियत २०७९।०८० |
|---|---|---|---|---|---|---|
| १ | कुमारी प्रावि भानु ८ आहाले | 0-3 | 6 | 0 | 1083638 | मर्ज भएको |
